नि.नं.१२ः प्रस्ताव नं. १२ माथि छलफल हुँदा आ.व. २०७५।०७६ को वार्षिक कार्ययोजना निम्नानुसारको समय कार्यतालिका अनुसार गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७५/२०७६ को नीति,बजेट तथा कार्यक्रम सम्बन्धी कार्ययोजना

केदारस्यूं गाउंपालिका, देउरा, बझाङ्ग

*समय कार्य तालिका (२०७५/०७६)*

| सि.नं. | कृयाकलापहरु | *संचालन कृयाकलापहरु* | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | अषाढ |
| १ | उपभोक्ता लाई योजना सम्बन्धी परामर्श | | | | | | | | | | | | |
| २ | स्थलगत सर्भेक्षण र ईस्टिमेट | | | | | | | | | | | | |
| ३ | उपभोक्ता समिति गठन कार्य | | | | | | | | | | | | |
| ४ | उपभोक्ता समिति संग सम्झौता कार्य | | | | | | | | | | | | |
| ५ | टेण्डर प्रकृया तयारी र सूचना | | | | | | | | | | | | |
| ६ | टेण्डर मूल्यांकन र प्रकृया सुरु | | | | | | | | | | | | |
| ७ | कामको कार्यान्वयन | | | | | | | | | | | | |
| ८ | स्थलगत अनुगमन तथा मूल्यांकन कार्य | | | | | | | | | | | | |

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
७ नं. प्रदेश, नेपाल

गाउँपालिकाको अध्यक्ष - अध्यक्ष
स्थानीय तहको वडा अध्यक्ष - सदस्य
प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

नि.नं.७: प्रस्ताव नं. ७ माथि छलफल हुँदा साईपाल विकास समाजको प.सं ०७४।७५ च.नं. ६१ को पत्रानुसार दिवा खाजा कार्यक्रम अन्तर्गत प्रारम्भिक तह पढाई कार्यक्रमको लागि आ.व. ०७५।७६ को कार्यक्रम तथा बजेट रकम रु.३,६३,५९५।- (तीन लाख त्रिसठी हजार पाँचसय पन्चानब्बे रुपैयाँ) अनुमोदन गरियो ।

नि.नं.८: प्रस्ताव नं. ८ माथि छलफल हुँदा सामाजिक तथा प्राविधिक विकास समुह बझाङ्गको प.सं ०७४।७५, च.नं. २५५ मिति २०७५।३।१० को प्राप्त पत्रानुसार झोलुङ्गे पुल कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा संचालित हुने कार्यक्रम तथा बजेटको अनुमानित रकम रु. ३१,१३,८७३।४८ (अक्षेरेपी एकतीस लाख तेह्र हजार आठ सय त्रिहत्तर रुपैयाँ अठचालीस पैसा मात्र) अनुमोदन गरियो ।

नि.नं.९: प्रस्ताव नं. ९ माथि छलफल हुँदा सुआहराको प.सं. ०७४।७५, च.नं. ३५, मिति २०७५।३।१० को गतेको पत्रानुसार सामाजिक तथा प्राविधिक विकास सेवा समुह, बझाङ्गसंगको स्थानीय साझेदारी अन्तर्गत यस गाउँपालिकामा संचालन हुने विभिन्न कार्यक्रम तथा बजेटको अनुमानित रकम रु.१६,९९,७९०।- (अक्षेरेपी सोह्र लाख उनान्सय हजार सातसय नब्बे रुपैयाँ मात्र) अनुमोदन गरियो ।

नि.नं.१०: प्रस्ताव नं. १० माथि छलफल हुँदा केदारस्युँ गाउँपालिकाको प्रयोजनको लागि आवश्यक सवारी साधनमा चारपांग्रे गाडी १ (एक) र मोटरसाईकल थान २ सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद गर्ने निर्णय गरियो ।

नि.नं.११: प्रस्ताव नं. ११ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत वडा नं. ८ मा ज्यालादारीमा कामकाज गरिरहेका ऐ.वडा नं. ८ बस्ने श्री गजेन्द्र बहादुर खत्रीको २०७४ चैत्र देखि २०७५ आषाढ मसान्त सम्मको ज्यालादारी रकम आ.व.०७५।७६ को वडा कार्यालय व्यवस्थापनको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

केदारस्युँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बैउरा, बझाङ
७ नं. प्रदेश, नेपाल

स्थानीय जनप्रतिनिधि, योजना उपभोक्ता समितिका पदाधिकारीहरु राजनीतिक दलका पार्टी प्रतिनिधिहरु, विषयगत शाखाका प्रमुखहरु, स्थानीय बुद्धीजीवी, नागरिक समाजका अगुवा, स्थानीय पत्रकार लगायत सरोकारवाला सबैको सहभागिताका लागि प्रचार प्रसार कार्य स्थानीय एफ.एम.बाट गर्ने तथा सूचना गाउँपालिकाको सूचना पाटी लगायत प्रत्येक वडाको सूचना पाटीमा टाँस गर्ने निर्णय गरियो ।

नि.नं.३: प्रस्ताव नं. ३ माथि छलफल हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यस कार्यालयलाई प्राप्त प.स.०७४।७५।६७७५, मिति २०७५।०३।०३ को पत्रानुसार नेपाललाई फलफुलको बगैंचा बनाउने लक्ष्यका साथ "एक नेपाली एक फलफूलको विरुवा रोप्ने" अभियान अन्तर्गत मिति २०७५।०४।०२ मा यस गाउँपालिकाले साविक रायल गा.वि.स. हाल यस गाउँपालिकाको वडा नं. १ प्राविधिक शाखा रहेको कार्यालयको प्राङ्गणमा कार्यपालिकाको सदस्यहरु र कर्मचारीहरुको संलग्नतामा एक नेपाली एक फलफूलको बिरुवा रोप्ने कार्यको शुभारम्भ गर्ने निर्णय गरियो ।

नि.नं.४: प्रस्ताव नं. ४ माथि छलफल हुँदा गाउँसभाबाट पारित चालु आ.व. २०७५।०७६ को नीति, बजेट तथा कार्यक्रम, आर्थिक ऐन, २०७५, तथा विनियोजन ऐन, २०७५ को कार्यान्वयन गर्ने निर्णय गरियो ।

नि.नं.५: प्रस्ताव नं. ५ माथि छलफल हुँदा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

नि.नं.६: प्रस्ताव नं. ६ माथि छलफल हुँदा गरिब घरपरिवार परिचयपत्र वितरण कार्यविधि, २०७४ बमोजिम स्थानीय तहगत गरिब घरपरिवारको अन्तिम सूचीमा उल्लेख भएका गरिब घरपरिवारको प्रकारको आधारमा सम्बन्धित वडाको सहकार्यमा परिचयपत्र वितरण गर्ने निर्णय गरियो । साथै, गरिब घरपरिवार परिचयपत्र वितरण कार्यविधि, २०७४ को परिच्छेद ५ दफा १३ (५) बमोजिम निम्नानुसार गरिब घरपरिवार परिचयपत्र वितरण समिति गठन गरियो ।

केदारस्यूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउरा, बझाङ नेपाल

अध्यक्ष

प्रस्तावहरु:

१. रसिद नियन्त्रण खाता संचालन सम्बन्धमा ।

२. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

३. एक नेपाली एक फलफुलको बिरुवा रोपण अभियान सम्बन्धमा ।

४. गाउँ सभाबाट पारित चालु आ.व. २०७५।०७६ को नीति, बजेट तथा कार्यक्रम, आर्थिक ऐन, २०७५, तथा विनियोजन ऐन, २०७५ कार्यान्वयन सम्बन्धमा ।

५. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धमा ।

६. गरिब घरपरिवार परिचयपत्र वितरण सम्बन्धमा ।

७. साईपाल विकास समाजको वार्षिक कार्यक्रम सम्बन्धमा ।

८. सामाजिक तथा प्राविधिक विकास समुह बझाङ्गको कार्यक्रम सम्बन्धमा ।

९. सुआहरा अन्तर्गतको कार्यक्रम सम्बन्धमा ।

१०. केदारस्युँ गाउँपालिकाको लागि सवारी साधन खरीद सम्बन्धमा ।

११. ज्याला रकम सम्बन्धमा ।

१२. आ.व.२०७५।७६ को वार्षिक कार्ययोजना सम्बन्धमा ।

निर्णयहरु:

नि.नं.१: प्रस्ताव नं. १ माथि छलफल हुँदा रसिद नियन्त्रण खाता संचालन गरी राजश्व संकलन व्यवस्थित गर्ने र महिना समाप्त भएको ५ दिन भित्र फाँटवारी सहित बैंक भौचर गाउँपालिकाको कार्यालय पेश गर्ने निर्णय पारित गरियो ।

नि.नं.२: प्रस्ताव नं. २ माथि छलफल हुँदा आ.व.२०७४।०७५ को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७५।०४।०४ गते गर्ने र सो कार्यक्रममा

बैठक संख्या : १

आजमिति २०७५।०४।०२ गतेका दिन यस केदारस्युँ गाउँपालिकाका अध्यक्ष श्री इन्द्र वहादुर भण्डारीज्यूको अध्यक्षता तथा तपसिल बमोजिमको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १ | इन्द्र वहादुर भण्डारी | अध्यक्ष |
| २ | निशा धामी | उपाध्यक्ष |
| ३ | श्री लोकेश वहादुर भण्डारी | वडाध्यक्ष वडा नं. १ |
| ४ | श्री चक्रवहादुर लुहार (वि.क.) | वडाध्यक्ष वडा नं. २ |
| ५ | श्री विर वहादुर खाती | वडाध्यक्ष वडा नं. ३ |
| ६ | श्री भक्त प्रसाद भट्ट | वडाध्यक्ष वडा नं. ४ |
| ७ | श्री कासीराम धामी | वडाध्यक्ष वडा नं. ५ |
| ८ | श्री करसिङ्गे धामी | वडाध्यक्ष वडा नं. ६ |
| ९ | श्री प्रेम वहादुर धामी | वडाध्यक्ष वडा नं. ७ |
| १० | श्री गणेश वहादुर बोहरा | वडाध्यक्ष वडा नं. ८ |
| ११ | श्री अहेन्द्र वहादुर शाही | वडाध्यक्ष वडा नं. ९ |
| १२ | श्री तस्विर वि.क. | कार्यपालिका सदस्य |
| १३ | श्री कटक वहादुर दमाई | कार्यपालिका सदस्य |
| १४ | श्री नन्दा देवी सिंह | कार्यपालिका सदस्य |
| १५ | श्री जौमती देवीबोहरा | कार्यपालिका सदस्य |
| १६ | श्री विमलाकुमारी शर्मा | कार्यपालिका सदस्य |
| १७ | श्री जुन देवीओखेडा | कार्यपालिका सदस्य |
| १८ | श्री प्रवीण श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत |

आमन्त्रीत

१. श्री जयराम पाध्या लेखा प्र. केदारस्युँ गा.पा. बझाङ

केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैउरा, बझाङ
७ नं. प्रदेश, नेपाल

अध्यक्ष